तिलागुफा नगरपालिका
गाल्जे कालीकोट,
कार्णाली प्रदेश ।

प्रकाशित मिति :२०७९ चैत्र २६

## बाल मनोबिज्ञ तथा समाजसेवीको रुपमा सुचिकरण हुन आउने सम्वन्धि सुचना

बालबालिकाको हक हित संरक्षण तथा बालअधिकार कार्यान्वयनमा सहयोग गर्न बालबालिका सम्वन्धि ऐन २०७५ को दफा ६२ मा भएको व्यवस्था अनुसार बाल मनोबिज्ञ तथा समाजसेवी सुचिकृत गर्नका लागि बालबालिका सम्वन्धि नियमावली २०७८ बमोजिम समाजसेवी तथा बाल मनोबिज्ञको रुपमा काम गर्ने इच्छुक देहाय बमोजिमको योग्यता भएका ब्याक्तीहरुलाई आवश्यक कागजात तथा ब्यक्तीगत विवरण सहित २१ दिनभित्र बालकल्याण अधिकारी मार्फत स्थानिय बालअधिकार समितिमा निवेदन दिई सुचिकृत हुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

उपयुक्त समयभित्र प्राप्त निवेदन तथा कागजातहरु जाँच गर्दा योग्यता पुगेका निवेदकलाई समाजसेवी वा बालमनोबिज्ञको रुपमा स्थानिय बालअधिकार समितिवाट सुचिकृत गरिनेछ ।

**सुचिकरणका लागि आवश्यक योग्यता**

१) नेपाली नागरिक

२) नैतिक पतन देखिने फौजदारी अभियोग वा बालवालिका बिरुद्धको कसुरमा अदालतवाट कसुरदार नठहरिएको ।

३) असल चरित्र भएको, बालअधिकार तथा बालसंरक्षण प्रति संवेदशिल भएको ।

४) समाजसेवीको रुपमा सुचिकृत हुनका लागि मान्यताप्राप्त शैक्षिक संस्थावाट सम्वन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उतिर्ण गरेको र सामाजिक कार्य सम्वन्धि मान्यता प्राप्त निकाय वा तालीम प्रदायक संस्थावाट बाल मनोविज्ञान सम्वन्धमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको वा काम गरेको हुनुपर्ने ।

५)बाल मनोबिज्ञको रुपमा सुचिकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थावाट मनोविज्ञान वा सम्वन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा बाह्र कक्षा उतिर्ण गरी मान्यता प्राप्त निकाय वा तालीम प्रदायक संस्थावाट बाल मनोविज्ञान सम्वन्धमा कम्तीमा एक महिनाको तालीम प्राप्त गरेको ।

**सुचिकरणका लागि आवश्यक कागजातहरु**

१) ब्यक्तीगत बिवरण
२) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी
३) शैक्षिक योग्यता, तालीम तथा अनुभवका प्रमाणपत्रहरु
४)नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका बिरुद्धको कसुरमा अदालतवाट कसुरदार नठहरिएको स्वघोषणा ।
५) बाल अधिकार तथा बालसंरक्षण प्रति संवेदनशिल भएको स्वघोषणा ।

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख
तिलागुफा नगरपालिका गाल्जे

शंकर प्रसाद उपाध्याय
नगर प्रमुख